सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, जनकपुरधामको आ.व. ०८०/०८१ (२०८० साल साउन देखि २०८१ अषाढ मसान्त सम्म) को प्रगति विवरण

(Proactive Disclosure)

## आ.व. २०८०/०८१



**प्रकाशक**

मधेश प्रदेश सरकार

## उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

## जनकपुरधाम, धनुषा

## १. निकायको स्वरुप र प्रकृति

मुलुकमा औद्योगिक कृयाकलापहरुलाई प्रवर्द्धन गर्न तथा व्यापार व्यवसायका लागि अनुकुल वातावरण तयार गर्ने हेतुले नेपालका तत्कालिन प्रधानमन्त्री जुद्धसमशेर जंगबहादुर राणाबाट वि.सं. १९९३ सालमा उद्योग परिषद्को स्थापनाभएको थियो । सोही वर्ष नेपालमा पहिलोपटक कम्पनी सम्बन्धी कानुन र औद्योगिक व्यवसायसँग सम्बन्धित कानुन लागुभएको र वि.सं. २०३८ सालमा उद्योग तथा वाणिज्य मन्त्रालयको स्थापना भएकोमा नेपालको संविधान (२०७२)ले मुलुकलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहबाट राज्यशक्तिको प्रयोग हुने गरी शासन संचालनको व्यवस्था भएको सन्दर्भमा संघीयता कार्यान्वयनका लागि संघ र स्थानीय बीच पुलको रुपमा रहने उद्योग, वाणिज्य तथा पर्यटनसँग सम्बन्धित कार्यहरु गर्नका लागि यस क्षेत्रसँग सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयहरु (सप्तरी, सिराहा, धनुषा,महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) ८ वटा जिल्लास्तरको कार्यालयहरु दरबन्दी सहित २०७५ सालमा तत्कालिन उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामलाई लाई हस्तान्तरण भएकोमा यस अघि उद्योग, पर्यटन तथा वन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम अन्तर्गत कार्य जिम्मेवारी सहित रहेकोमा मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०८० बमोजिम यस मन्त्रालयको स्थापना भएको हो ।मधेश प्रदेशमा उद्योग तथा वाणिज्य क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा स्वदेशी उत्पादनलाई सहजीकरण र नियमन गर्दै उपभोक्ताको हकहित समेतलाई संरक्षण तथा प्रवर्द्धनकालागि नियमित बजार अनुगमन गरी बजार नियमन, साथै पर्यटकीय क्षेत्रको विकास तथा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना निर्माण सहित पुर्वाधार विकास गर्ने उद्देश्य यस मन्त्रालयको रहेको छ ।

### १.१ उद्देश्यः

मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०८० बमोजिम स्थापित यस मन्त्रालयले निम्न उद्देश्य लिएको छ :-

- औद्योगिक व्यवसाय प्रवद्धन र नियमन गर्नु
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन तथा आयात विस्थापन, विकास र नियमन गर्नु
- प्रदेश भित्रकाको व्यापार पूर्वाधार निर्माण, सञ्चालन, सहयोग, सहजीकरण, समन्वय र नियमन गर्नु
- उपभोक्ताको हक अधिकार संरक्षण तथा प्रवर्द्धनका कार्यहरु गर्नु
- कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन गर्नु
- हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गर्नु
- व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन गर्न
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल एजेन्सी, धार्मिक तथा साँस्कृतिक पर्यटकीय क्षेत्रहरुको दर्ता, अनुमति,नविकरण र नियमन गर्नु
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्शा सम्बन्धि कार्य गर्नु

### १.२ लक्ष्यः

- औद्योगिक क्षेत्रको विकास तथा वाणिज्य क्षेत्रलाई नियमन गर्दै कृषि क्षेत्रलाई उद्योग तर्फ आकर्षित गर्न आवश्यक नीति, मापदण्ड लागू गरी स्वदेशमा रोजगारी श्रृजना गरी आयात

प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नुको साथै पर्यटकीय गन्तव्य स्थलहरुको संरक्षण तथा प्रवर्द्धन गरी स्वदेशी तथा विदेशी पर्यटकहरुलाई आकर्षित गरी राज्यको आर्थिक विकासमा सहयोग गर्ने ।

**१.३ रणनीतिहरु:**

- औद्योगिक क्षेत्र विकासका लागि नीतिगत, कानुनी, संस्थागत तथा प्रकृयागत सुधार गर्ने ।
- उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्रलाई अन्य क्षेत्रसँग अन्तरसम्बन्धको आधारमा समन्वय र सहकार्य गर्ने।
- प्रतिस्पर्धि तथा तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक, नीजितथा सहकारीको साझेदारीमा लगानी परिचालन गर्ने ।
- लगानी मैत्री वातावरण श्रृजना गरी सोको नियमन तथा प्रवर्द्धन गरी आन्तरिक, अन्तरप्रदेश व्यापार तथा लगानीमा जोड दिने ।
- घरेलु तथा साना उद्योगको प्रवर्द्धन तथा विकासमा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने ।
- पर्यटीय स्थलहरुको संरक्षण तथा प्रवर्द्धन गरी पर्यटकहरुको संख्यामा वृद्धिका लागि प्रचार प्रसार गर्ने ।
- उपभोक्ताको हक अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि नियमित बजार अनुगमन तथा नियमन गर्ने ।
- प्रादेशिक धरोहर तथा सम्पदाहरुको संरक्षण तथा सभ्भार गर्ने ।
- विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जनाको माध्यमबाट उद्योग र पर्यटन क्षेत्रको विकास गरी राज्यको
- अर्थतन्त्रलाई समृद्धि तर्फ उन्मुख गराउने ।

## २. निकायको काम, कर्तव्य र अधिकार:

मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० अनुसार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ:

१. उद्योग तथा वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन,
२. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,
३. औद्यौगिक विकास तथा औद्यौगिक व्यवसायको प्रवर्द्धन र नियमन,
४. संघको समन्वय र सहकार्यमा प्रदेशमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,
५. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,
६. प्रादेशिक व्यापार प्रवर्द्धन, समन्वय, तथ्याङ्क प्रणाली,
७. बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन, अनुसन्धान र नियमन,

८. ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

९. संघको सहमतिमा औद्योगिक विषयका करारजन्य सम्झौता,

१०. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,

११. खानी तथा खनीज पदार्थको अन्वेषण र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन,

१२. संघको समन्वयमा खानीजन्य पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेष्ण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना र सञ्चालन,

१३. खानी सम्बन्धी भौगर्भिक अध्ययन, अनुसन्धान र नक्साङ्कन,

१४. वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन,

१५. संघ र स्थानीय तहसँगको समन्वयमा उपभोक्ता अधिकार संरक्षण तथा प्रवर्द्धन,

१६. संघ र स्थानीय तहसँगको समन्वयमा सिन्डिकेट, कार्टेलिङ, अनुचित मुल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन,

१७. संघिय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

१८. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ती सम्बन्धी सुचना सङ्गलन, विश्लेषण, प्रक्षेपण र आपुर्ती व्यवस्था, मौज्दाताको व्यवस्था र आपुर्तीमा अन्तर प्रादेशिक र स्थानीय तहबिच समन्वय,

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन,

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन,

२१. संघसँगको समन्वयमा दामासाहीमा परेका उद्योग, व्यवसायीक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन,

२२. प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

२४. प्रदेशभित्रका ठुला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा निति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२५. औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना,

२६. उद्यमशिलता विकास तालिम, औद्योगिक प्रशिक्षण,

२७. औद्योगिक विवाद समाधान,

२८. प्रादेशिक पर्यटन विकासको नीति, कानुन तथा मापदण्ड र योजना निर्माण, कार्यान्वयन र नियमन,

२९. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,

३०. पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति, नविकरण र नियमन,

३१. ग्रामिण पर्यटन, पर्या-पर्यटन, सम्मेलन पर्यटन, धार्मिक पर्यटन इत्यादि सम्बन्धी,

३२. संघीय कानुन बमोजिम क्यासिनो दर्ता, अनुमती र नियमन,

३३. संघ र प्रदेशको सम्बन्धीत मन्त्रालयसँगको समन्वयमा पर्यटकीय प्रहरीको व्यवस्थापन,

३४. महत्वपुर्ण पर्यटकीय स्थलहरुको अध्ययन तथा अनुसन्धान, पर्यटकीय गन्तव्य स्थलको पहिचार र प्रवर्द्धन,

३५. होमस्टे सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र सो सम्बन्धी पूर्वाधार निर्माण,

३६. साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन,

३७. पर्यटकीय पदमार्ग र पर्यटकीय एडभेन्चर क्रियाकलापहरु सम्बन्धी ।

## ३. निकायमा रहने दरबन्दी र कर्मचारी संख्या

मन्त्रालयमा कुल स्वीकृत दरबन्दी ३५ रहेको हाल कार्यरत (स्थायी एवम् करार) कर्मचारी जम्मा २१ र विभिन्न पदका १४ दरबन्दी रिक्त रहेका छन् भने अन्य सम्पुर्ण दरबन्दी पुर्ति भएको ।

### ३.१ मन्त्रालय र अन्तर्गतका निकायको स्वीकृत दरबन्दी विवरण

| सि.न. | निकाय | कुल दरबन्दी |
|---|---|---|
| १ | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय | ३५ |
| २ | उद्योग विभाग, विरगंज | २६ |
| ३ | घरेलु तथा साना उद्योग कार्यालय, पर्सा | १२ |
| ४ | घरेलु तथा साना उद्योग कार्यालय, बारा | १३ |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय, रौतहट | ९ |
| ६ | घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही | ८ |
| ७ | घरेलु तथा साना उद्योग कार्यालय, धनुषा | ९ |
| ८ | घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी | १० |
| ९ | घरेलु तथा साना उद्योग कार्यालय, सिरहा | ८ |
| १० | घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी | १० |
| ११ | पर्यटन विकास कार्यालय, धनुषा | ११ |
| १२ | पर्यटन विकास कार्यालय, पर्सा | ११ |
| १३ | पर्यटन विकास कार्यालय, सिरहा | ९ |
| **जम्मा दरबन्दी** | | **१७१** |

## ३.२ मन्त्रालयको स्वीकृत दरबन्दी र पदपुर्तिको अवस्था

| सि.न. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपुर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | एघारौं/बाह्रौं | प्रशासन | समुहिकृत नहुने | १ | १ | ० |
| २ | उपसचिव (प्रशासन) | नवौं/दशौं | प्रशासन | सा.प्र. | ३ | १ | २ |
| ३ | शाखा अधिकृत | सातौं/आठौं | प्रशासन | सा.प्र. | ७ | ६ | १ |
| ४ | ईन्जिनियर | सातौं/आठौं | ईन्जिनीयरिङ्ग | सिभिल, जनरल | १ | ० | १ |
| ५ | कानुन अधिकृत | सातौं/आठौं | न्याय | कानुन | १ | ० | १ |
| ६ | लेखा अधिकृत | सातौं/आठौं | प्रशासन | लेखा | १ | १ | ० |
| ७ | सहायक/अधिकृत | पाँचौं/छैठौं | प्रशासन | सा.प्र. | १० | २ | ८ |
| ८ | कम्प्यूटर सहायक/अधिकृत | पाँचौं/छैठौं | विविध | | १ | १ | ० |
| ९ | सहायक | पाँचौं | प्रशासन | सा.प्र. | १ | ० | १ |
| १० | स.ले.पा./ले.पा./अधिकृत | चौंथौं/पाँचौं/ छैठौं | प्रशासन | लेखा | १ | १ | ० |
| ११ | हलुका सवारी चालक | तह विहिन | प्रशासन | सा.प्र. | ४ | ४ | ० |
| १२ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | सा.प्र. | ४ | ४ | ० |
| **जम्मा दरबन्दी** | | | | | **३५** | **२१** | **१४** |

## ३.३ मन्त्रालयको स्वीकृत संगठन संरचना




Scanned with CamScanner

## ४. मन्त्रालयले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- पर्यटन विद्येयकको मस्यौदा तयार गरी विभिन्न चरणको प्रक्रिया पुरा गरी प्रदेश सभामा दर्ता गराईएको ।
- प्रदेश उद्योग व्यवस्थापन ऐन २०७७ को अनूसुचीहरुमा थप गरिएको ।
- प्रादेशिक व्यापार तथा व्यवसाय विद्येयकको मस्यौदा तयार गरिएको ।
- आ.व. २०८०/०८१ मा विनियोजित कार्यक्रमहरु मध्ये तपसिलका कार्यक्रमहरु सम्पन्न गरिएको ।
- नेपाल टेलिभिजन सँग सम्झौता गरी मधेश पर्यटन टेलिभिजन कार्यक्रम संचालन गरिएको ।
- आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम तयार गर्न मातहतका विभाग र कार्यालयहरुसँग योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको ।
- रेडियो नेपालसँग सम्झौता गरी मधेश पर्यटन रेडियो कार्यक्रम संचालन गरिएको ।
- पर्यटन क्षेत्रका सरोकारवालाहरुसँग छलफल गरी प्राप्त सुझावनुसार बजेट निर्माणको क्रममा उद्योग र वाणिज्य क्षेत्रमका सरोकारवालाहरुसँग छलफल गरी प्राप्त भएको सुझावहरुलाई आगामी दिनमा नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन तिर लाग्ने प्रतिवद्वता गरिएको ।
- मधेश प्रदेश भित्र रहेका प्रमुख धार्मिक पर्यटकीय स्थलहरुको DOCUMENTARY निर्माण गरिएको ।
- मैथिलि विकास कोष सँग सहकार्य गरी ५ दिने जनकपुर साहित्य, कला तथा अन्तराष्ट्रिय महोत्सव सम्पन्न गरिएको ।
- मन्त्रालयको Website लाई Upgrade गरिएको।
- प्रदेश भरि रहेका महत्वपुर्ण धार्मिक पर्यटकीय क्षेत्रहरुमा सरसफाईमा सहयोग हुने गरी पाँचवटा घुम्ती शौचालयको खरिद गरिएको ।

- गणेशमान चारनाथ न.पा. वडा नं.७ मा रहने गरी जनयद्व सङ्ग्राहलय, लहान न.पा. वडा नं.४ मा रहने गरी शहिद सङ्ग्राहलयको DPR तयार गरियो ।
- रौतहट जिल्ला, गौर न.पा. स्थित रहेको वरहरवा तालको थप पुर्वाधार निर्माण को लागी DPR तयार गरिएको ।
- मधेश भवन भित्र यस मन्त्रालयको मन्त्री आवास भित्र गोलघर निर्माण गरिएको ।
- समृद्वि परियोजनावाट प्राप्त मेसिन, औजारहरु (ल्यापटप, फर्निचर, टेबलेट आदि) हरु मातहतका घरेलु तथा साना उद्योग कार्यालयहरुलाई हस्तान्तरण गरिएको ।
- मन्त्रालय र अन्तर्गत निकायको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम मस्यौदा पठाइएको ।
- मन्त्रालय र अन्तर्गत निकायको आगामी आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम तयार गरिएको ।

## ५. आ.व. २०८०/०८१ को विनियोजन र खर्च विवरणः

| विनियोजित बजेट | | | खर्च | | |
|---|---|---|---|---|---|
| चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा |
| ६,२५,४६,७०० | २,५५,०३,००० | ८८,०४,९७,०० | ३,४७,३२,८०७.१७ | १,५२,८२,२२२.९५ | ५०,०१५,०३०.१ |
| | | | जम्मा खर्च प्रतिशत ५६.८०% | | |

## ६. प्रमुख एवम् उजुरी सुन्ने अधिकारीको नाम र पदः

प्रमुखको नामः श्री राजिव पोखरेल, सचिव

प्रवक्ताः श्री पवन पंजियार वरिष्ठ शाखा अधिकृत

सुचना अधिकारीको नामः श्री भावेश कुमार ठाकुर, शाखा अधिकृत

गुनासो सुन्ने अधिकारीको नामः श्री भावेश कुमार ठाकुर, शाखा अधिकृत

मन्त्रालयको वेवसाइटः https://mocsast.madhesh.gov.np/

मन्त्रालयको इमेलः info.moict@madhesh.gov.np

## ७. नीति, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**ऐन**

- प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७

**नियमावली**

- प्रदेश उद्योग व्यवस्थापन नियमावली, २०७८